नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय**

**भेडुवा बजार - तम्घास (१९.६ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः ..............................)

लुम्बिनी प्रदेश, गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका र गुल्मी दरबार गाउँपालिकामा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय, सडक विभागद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।


| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय**<br>**सडक विभाग**<br>ठेगानाः चाकुपाट, ललितपुर, नेपाल<br>फोन नं: ०१-५२६०१७४<br>ई-मेल: mabhpd@dor.gov.np |
| **प्रस्तावको व्यहोरा** | भेडुवा बजार - तम्घास (१९.६ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजना<br>फर्मेसन (Formation) चौडाईः ९.० मि.<br>क्यारिजवे (Carriageway) चौडाईः ७.० मि. |
| **प्रभाव पर्न सक्ने जिल्ला/ गा.पा. (हरु)** | गुल्मी जिल्ला<br>रेसुङ्गा नगरपालिका र गुल्मी दरबार गाउँपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको गाँउपालिका/नगरपालिका (हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

***राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः***

| | | |
|---|---|---|
| ***प्रस्तावकको नाम र ठेगानाः***<br>***मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय***<br>***सडक विभाग***<br>*ठेगानाः चाकुपाट, ललितपुर, नेपाल*<br>*फोन नं. : ०१-५२६०१७४*<br>*ई-मेल: mabhpd@dor.gov.np*<br>*mabhpd@gmail.com* | ***सम्बन्धीत मन्त्रालयको नाम र ठेगानाः***<br>***नेपाल सरकार***<br>***भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,*** *सिंहदरबार, काठमाडौं*<br>*फोन नं.:०१-२११७३२*<br>*ई-मेल: info@mopit.gov.np* | ***परामर्शदाताको नाम र ठेगानाः***<br>***ग्र्याब ईन्जिनियरिङ प्रा. लि.***<br>***कोटेश्वर, काठमाडौं***<br>***फोन नं.: ९८४६७०११५५***<br>***ई-मेलः***<br>*grabengineering@gmail.com* |

## ...जार - तम्घास (१९.६ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजनाको लागि
## ...रम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम



लुम्बिनी प्रदेश, गुल्मी जिल्ला
(२०७९/ पौष /१४; २०७९/ पौष १५)


**प्रस्तावक**
**...ण्डारी राजमार्ग आयोजना निर्देशनालय**
**सडक विभाग**
चाकुपाट, ललितपुर, नेपाल
फोन नं: ०१-५२६०१७४
ई-मेल: mabhpd@gmail.com

**परामर्शदाता**
**ग्राब ईन्जिनियरिङ प्रा. लि.**
कोटेश्वर, काठमाडौं
फोन नं.: ९८४६७०११५५
...ल: grabengineering@gmail.com


**१.पृष्ठभूमि**

यस भेडुवा बजार - तम्घास (१९.६ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजनाको प्रस्तावक सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय रहेको छ । यस सडक आयोजनाको लम्बाई १९.६ कि. मि. रहेको छ । यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन भू-वातावरण तथा सामाजिक शाखामा पुनरावलोकन भई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पेश हुनेछ ।

यस प्रस्तावित सडक आयोजनाको वातावरणीय अध्ययन कार्यको जिम्मा परामर्शदाता ग्याब ईन्जिनियरिङ प्रा. लि.लाई दिइएको छ । उक्त परामर्शदाता संस्थाले वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली, २०७७ तथा वर्तमान प्रचलित ऐन, नियम, बमोजिम प्रस्तावित आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को मस्यौदा प्रतिवेदन तयार गरेको छ ।

प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको मुख्य उद्देश्य प्रस्तावित आयोजना निर्माण तथा संचालन बाट उक्त क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावहरु पत्ता लगाई नकारात्मक प्रभावको न्यूनीकरण र लाभदायक प्रभावको अभिवृद्धि गर्ने उपायहरु पत्ता लगाई कार्यान्वयन गर्नु, वातावरणीय अनुगमन योजना बनाई कार्यान्वयन गर्नु तथा प्रस्तावित सडक आयोजनाको लागि प्रारम्भिक वातावरणीय परीक्षण गरे पुग्छ वा पुग्दैन भन्ने कुराको निर्णय गर्नु हो ।

**२.आयोजना स्थल**

प्रस्तावित भेडुवा बजार-तम्घास सडक आयोजना नेपालको सडक लुम्बिनी प्रदेशको गुल्मी जिल्ला अन्तर्गतका रेसुङ्गा नगरपालिकाको वडा नं. ९, १०, १२, १३ र गुल्मी दरबार गाउँपालिकाको वडा नं. ३, ४, ७ मा पर्दछ । यो सडक खण्ड गुल्मी जिल्लाको गुल्मी दरबार गा.पा. को वडा नं. ४, भेडुवा बजारबाट सुरु भई गुल्मी जिल्लाको रेसुङ्गा न.पा. को वडा नं. ९. तम्घासमा पुगी अन्त्य हुन्छ । यस सडक खण्ड समुद्री सतहबाट १४१७ मि. देखि १६५७ मि. सम्मको उचाइमा पर्दछ ।

**३. आयोजनाको विवरण**

प्रस्तावित सडकको पङ्क्तिबद्धता २८°०'२९.९७" उत्तर अक्षाशंर ८३°२०'४३.५६" पूर्व देशान्तर देखी सुरू भई २८°३'२४.४२" उत्तर अक्षाशं र ८३°१४'४८.१९" पूर्व देशान्तर सम्म पर्दछ । यस सडक खण्डको कुल लम्बाई १९.६ कि.मि र फर्मेसेन चौडाई ९.० मि. रहेको छ ।

**३.१ आयोजनाको मुख्य विशेषताहरू**

| | |
|---|---|
| आयोजनाको नाम | भेडुवा बजार - तम्घास (१९.६ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजना |
| जिल्ला | गुल्मी |
| सडकको प्रकार | राष्ट्रिय राजमार्ग |
| गाउँपालिका र वडाहरु | रेसुङ्गा नगरपालिका (वडा नं. ९, १०, १२, १३) गुल्मी दरबार गाउँपालिका (वडा नं. ३, ४, ७) |
| सडकको लम्बाई | १९.६ कि.मि. |
| डिजाइन गति | ४० कि.मि. प्रति घण्टा |
| कूल फर्मसन चौडाई | ९.० मि. (ड्रेन बाहेक) |
| Carriageway | ७.० मि. |
| कार्यको प्रकार | स्तरोन्नति/कालोपत्रे |
| Surface Design | Asphalt concrete |
| जलवायु/मौसमकोअवस्था | उष्ण मनसुनी तथा न्यानो समशीतोष्ण हावापानी |
| भौगर्भिकअवस्था | पहाडि भूगोल, लेसर हिमालय जोन |
| राजमार्ग/सहायकराजमार्गकोड | Class III (NH ०९) |
| जम्मा आयोजनाको लागत | ने.रु. १,४०,८८,८७,९२५.४० (भ्याट सहित) |
| निर्माण अवधि | २ वर्ष |

**४. आयोजना क्षेत्रको विधमान वातावरणीय अवस्था**

**४.१ भौतिक वातावरण**

भौगोलिक हिसाबले प्रस्तावित सडक खण्ड पहाड क्षेत्रमा पर्दछ । प्रस्तावित सडक आयोजना यो सडक आयोजना समुद्री १४१७ मि. देखि १६५७ मि. को उचाईमा पर्दछ। प्रस्तावित आयोजना क्षेत्रको औसत अधिकतम तापक्रम जून महिनामा २३.९°C र न्यूनतम तापक्रम जनवरी महिनामा १२.४°C रहेका छन् । प्रस्तावित आयोजना बस्ती, खेती योग्य जमिन र सामुदायिक वन हुँदै निर्माण हुनेछ। प्रस्तावित सडक पंक्तिमा कुनै पनि नदी तथा खोलाहरु पर्दैनन् तर आयोजना क्षेत्र वरपर पर्ने मुख्य नदी/नालाहरुमा बोटे खोला, बसरी खोला, बडीघाट खोला, छल्दी खोला, पनाह खोला आदि रहेका छन् ।

**४.२ जैविक वातावरण**

आयोजना क्षेत्र उष्ण मनसुनी तथा न्यानो समशीतोष्ण हावापानी जलवायु क्षेत्रमा पर्दछ । सल्लो, सिमल, कटुस , चिलाउने , उत्तिस , लालीगुराँस, जामुन र काफल जस्ता वनस्पतिहरू यस क्षेत्रमा उपलब्ध छन् । यस क्षेत्रमा पाइने केही उल्लेखनीय प्रजातिहरू भनेको बँदेल, खरायो, स्याल, बाँदर, लोखर्के आदि हुन् भने यहाँ पाइने चराहरूमा सुँगा, परेवा, काग, जुरेली, कोइली, ढुकुर, सारौं, कालिज आदि रहेका छन् ।

**४.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण**

गुल्मी दरबार गाउँपालिका तथा रेसुङ्गा नगरपालिकाको कूल जनसंख्या ५१,०९० रहेको छ जसमध्ये पुरूष २३,१८६ र महिला २७,९०४ रहेका छन् । कूल जनसंख्या मध्ये ब्राह्मण, क्षेत्री, मगर जातिको बाहुल्यता रहेको देखिन्छ भने अन्य जातीहरूमा नेवार, कामी, ठकुरी रहेका छन् । आयोजना क्षेत्रका बासिन्दाहरूको मुख्य पेशा कृषि र पशुपालन रहेको देखिन्छ । यहाँका प्रमुख बस्तीहरूमा भेडुवा बजार, बिरबास, रुन्का, गौडाकोट, दुबिचौर, उर्लेनी, सिमिचौर, तम्घास आदि रहेका छन् । ९८ वटा घरपरिवार प्रस्तावित सडकको स्तरोन्नतिले प्रभावित हुनेछन् ।

## ५. वातावरणीय प्रभावको पहिचान तथा मूल्यांकन

### ५.१ लाभदायक प्रभावहरू

रोजगारीको अवसर, नयाँ आय उत्पादन गतिविधिहरूको अवसरहरू, जमिनको मूलयमा वृद्धि, प्राविधिक कुशलतामा अभिवृद्धि, सेवाहरूको पहुँचमा सुधार र यातायात लागत कम हुनु, प्रयोग नगरिएको सम्भाव्यताको उपभोग, गरिबी निवारण आदि जस्ता लाभदायक प्रभावहरू रहेका छन् ।

### ५.२ प्रतिकूल प्रभावहरू

#### ५.२.१ भौतिक वातावरणमा पर्न सक्ने प्रभावहरू

- सडकलाई करिब कुल ७.८२ हेक्टर जमिन स्थायी रूपमा चाहिन्छ, जसमध्ये २.१६ हेक्टर खेतीयोग्य, १.८१ हेक्टर बस्ती क्षेत्र, ०.७१ हेक्टर निजि बाँझो, ०.६४ हेक्टर निजि वन र ५.४३ हेक्टर सामुदायिक वन क्षेत्रको जमिन आवश्यक पर्छ ।
- श्रम शिविर मार्फत हुने प्रभावहरूमा ठोस फोहोर उत्पादन र ठोस फोहोरको अव्यवस्थित विसर्जन पर्दछ ।
- कामदारहरूको बसाईसराईले सुविधाहरू जस्तै पानी, ढल निकास, शौचालय, दूरसंचार, फोहोर व्यवस्थापन, स्वास्थ्य सेवा, यातायात, स्थानीय बजार आदि आवश्यक सेवाहरूमा दबाब सिर्जना गर्दछ ।
- निर्माण सामग्रीको ढुवानी भारी सवारीमा गर्दा स्थानीय क्षेत्रमा आवाज र कम्पनको सिर्जना हुनेछ ।
- ६१ वटा विजुली पोल,३ वटा धारा,४ वटा प्रतिक्षालय, २ वटा खानेपानी वितरण पाईपलाइन,४ वटा विद्यालय, ४ वटा मन्दिर र २ वटा चौतारा लाई प्रभाव पर्ने देखिन्छ ।

#### ५.२.२ जैविक वातावरणमा पर्न सक्ने प्रभावहरू

- प्रस्तावित आयोजनाको कार्यान्वयनबाट ५.४३ हेक्टर सामुदायिक वन क्षेत्र को ६१९ रुखहरु कटान गर्नु देखिन्छ ।
- प्रस्तावित आयोजनाको कार्यान्वयनले गर्दा त्यस क्षेत्रमा पाइने जीवजन्तुहरुको हिंडडुल तथा बासस्थानमा असर पर्न सक्नेछ ।

#### ५.२.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावहरू

- ९८ घरहरू प्रस्तावित सडकको स्तरोन्नतिले प्रभावित हुनेछन् ।
- बाह्य कामदारको कारणले स्थानिय स्वास्थ र सरसफाईमा प्रभाव पर्न सक्नेछ ।
- आयोजनाको कार्यान्वयनको समयमा स्थानीय शान्ति सुरक्षा एवं सद्भावमा केहि प्रभाव पर्न सक्ने देखिन्छ ।
- प्रस्तावित आयोजनाको लागि करिब २.१६ हेक्टर खेतीयोग्य जग्गा, १.८१ हेक्टर बस्ती क्षेत्रको जमिन ०.७१ हेक्टर निजि बाँझो जमिन र ०.६४ हेक्टर निजि वन स्थायी रूपमा अधिकरण गर्नुपर्ने देखिन्छ ।

## ६. वातावरणीय प्रभाव अभिवृद्धि एवं न्यूनीकरणका उपायहरु

### ६.१ वातावरणीय प्रभाव अभिवृद्धिका उपायहरु

- ✓ रोजगारीको अवसर
- ✓ नयाँ आय उत्पादन गतिविधिहरूको अवसरहरू
- ✓ प्राविधिक कुशलतामा अभिवृद्धि
- ✓ विद्यमान वातावरणीय समस्याहरूको समाधान
- ✓ लैंगिक जागरण, चेतना तथा सशक्तीकरण

### ६.२.१ वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु

#### ६.२.१.१ भौतिक वातावरण

- उर्वर माटो र शीर्ष माटोको व्यवस्थापन
- आयोजनाले अधिग्रहण गरेको जग्गाको क्षतिपूर्ति जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम प्रदान गरिनेछ
- श्रम शिविर र अस्थायी शौचालयको स्थापना, फोहरमैलाको उचित व्यवस्थापन, निर्माण सामाग्रीको उचित भण्डारण गरिनेछ
- सम्बन्धित सरोकारहरुसँग समन्वय गरी सार्वजनिक सम्पत्तिहरुको स्थान्तरण गरिने छ
- आयोजना क्षेत्रमा २ वटा स्ल्याब कल्भर्ट र ३६ वटा पाईप कल्भर्ट प्रस्ताव गरिएको छ

#### ६.२.१.२ जैविक वातावरण

- ६१९ वटा रूखहरू कटान गर्दा १:१० को दरले ६१९० वटा वृक्षरोपण गरिनेछ ।
- वृक्षरोपण र संरक्षणका लागि रु ६१,९०,०००.०० प्रस्ताव गरिएका छ ।
- ५.४३ हेक्टर सामुदायिक वन स्थायी रुपमा प्रयोग गरे बापत वन ऐन,२०७६ को दफा ४२ र वन नियमावली, २०७९ को अनुसूची ५१ बमोजिम वन क्षतिको लागि क्षतिपूर्ति उपलब्ध गराइनेछ ।
- ५.४३ हे. हेक्टर सामुदायिक वन क्षेत्रको भोगाधिकारको लागि प्रति १ हेक्टर जग्गा १:१६०० को दरले ८,६८८ विरुवा वृक्षरोपण गरिनेछ ( लागत, = ने रु. ८६,८८,००० ।
- वन्यजन्तुको संरक्षणको लागि सूचना दिने होर्डिंग बोर्ड राखिनेछ र जनचेतनाका कार्यक्रम संचालन गरिनेछ ।

#### ६.२.१.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावर

- आयोजनाले अधिग्रहण गरेको जग्गाको क्षतिपूर्ति जग्गा प्र बमोजिम प्रदान गरिनेछ ।
- विद्यमान सार्वजनिक सुरक्षाका मुद्दाहरुलाई होर्डिंग बं गाडीको गति सीमा तोकेर दुर्घटनाको जोखिमलाई कम
- कामदारलाई पर्याप्त संख्यामा हेलमेट, भिजिबिलिटि बुटहरू, कानका लागि प्लग, रबर ग्लोभस्, टर्च लाइ उपलब्ध गराइनेछ
- सम्बन्धित सरोकारहरुसँग समन्वय गरी सार्वजनिक स्थान्तरण गरिने छ
- स्थानीय सरोकारवाला र स्थानीयवासीसँग समन्वय पुनर्स्थापना गरिनेछ
- ट्राफिक सुरक्षाको निमित्त ४३ वटा **W Metal Crash** वटा **Safety Barrier** प्रस्ताव गरिएको छ

### ६.२.२ वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुका

यस आयोजनाको वातावरणीय प्रभाव न्यूनीकरणका उपाय ने.रु. १,७०,५८,०००/-रकम छुट्याइएको छ ।

## ७. वातावरणीय अनुगमन

प्रभावको अनुगमन र मूल्यांकनको क्रममा, यदि वास प्रस्तावको स्वीकृतिलिई निर्धारित शर्तमा तोकिएको भन्द परेमा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले प्रस्ताव घटाउने उपायहरू अपनाउन आवश्यक निर्देशनहरू ज नियन्त्रण गर्न निर्देशन दिइनेछ । वातावरणीय अनुगमन लागि ६,५०,०००.००/- रकम छुट्याइएको छ ।

## ८. निष्कर्ष

प्रस्तुत गरिएका प्रभाव न्यूनीकरण एवं निराकरणका उप सार्वजनिक सुनुवाईबाट प्राप्त रायसुझावहरुलाई स प्रतिवेदनमा समेटिनेछ । प्रारम्भिक वातावरणीय परीक्ष उल्लेख गरिएका प्रभाव न्यूनीकरण एवं निराकरणका अवलम्बन गरी पूर्ण रुपमा कार्यान्वयन गरी प्रस्तावित आ गरिनेछ ।

सडक निमार्ण गरी देशलाई समृद्ध बनाउन यस आयोजन चाँडो निर्माण गर्न अत्यावश्यक रहेको छ । यस आयोजनाब साथै देशकै आर्थिक उन्नतिमा महत्वपूर्ण टेवा पुग्ने भए बासिन्दा तथा सरोकारवाला सबै पक्षबाट यो आयोजन सहयोगको अपेक्षा समेत गरिएको छ ।

धन्यवाद !!!